# स्थानीय राजपत्र


**गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित**

| खण्ड १ | संख्या ६ | मितिः २०७४/१२/०५ |
|---|---|---|


## भाग - १

### गोलन्जोर गाउँपालिका

गोलन्जोर गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**सम्बत् २०७४ सालको ऐन संख्या ६**

# गोलन्जोर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गोलन्जोर गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यो ऐनको नाम गोलन्जोर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ।

(२) यो ऐन गोलन्जोर गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :**

(१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले गोलन्जोर गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्भन्नु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले गोलन्जोर गाउँ कार्यपालिका कार्यपालिका सम्भन्नु पर्छ।

(ग) "गाउँपालिका" भन्नाले गोलन्जोर  गाउँपालिका सम्भन्नु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्भन्नु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्भन्नु पर्छ।

३. **नियम बनाउने अधिकार :**

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्र भित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त गोलन्जोर गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान, ऐन तथा यस ऐन अन्तर्गत वनेको नियमावलीको अधिनमा रही गोलन्जोर गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

**प्रमाणीकरण मितिः** २०७४।१२।०५

**आज्ञाले,**
**टंक नाथ घिमिरे**
**प्रमुख प्रशासकीय अधिकृत**